

मङ्सिर २०८२

# गोरक्ष निखिल वाणी





## आध्यात्मिक शक्ति अनुसन्धानमूलक मासिक




www.gnv.org.np
Mobile App and Facebook page:
siddhashram shakti kendra





॥ॐ ह्रीं क्रयां क्षं गुरु गोरखनाथाय नमः॥
॥ॐ परम तत्वाय निखिलेश्वराय गुरुभ्यो नमः॥

# गोरक्ष निखिल वाणी

आध्यात्मिक शक्ति अनुसन्धानमूलक मासिक

वर्ष २६ अङ्क ४, मङ्सिर २०८२, पूर्णाङ्क ३११





## यसभित्र


| | |
|---|---|
| आफ्नै कुरा | २ |
| दस महाविद्या : एक परिचय | ४ |
| दस महाविद्याको उपासना | ९ |
| सद्‌गुरुदेवको स्वरूपमा नै समाहित... | १४ |
| महाविद्या साधनाको स्वरुप र महत्त्व | १८ |
| दस महाविद्या स्तोत्र | २१ |
| दत्तात्रेय जयन्ती | २५ |
| गुरुवाणी | २७ |
| योमरी पूर्णिमा | २८ |
| विवाह पञ्चमी | २९ |
| बाला चतुर्दशी | ३१ |
| भाग्य चम्काउने वास्तुका ७ उपाय | ३४ |
| राशिफल | ३६ |
| गोरखवाणी | ३९ |
| श्री सावर संरचना शक्ति केन्द्रबाट... | ४० |
| शिष्यधर्म | ४२ |
| सिद्धाश्रम शक्ति केन्द्रका गतिविधि | ४४ |
| शुभकार्यको शुभारम्भ शुभमुहूर्तमा | ४५ |
| सिद्धाश्रम शक्ति केन्द्रका गतिविधि | ४७ |


## जानकारी

*सिद्धाश्रम शक्ति केन्द्र नेपालको प्रचलित कानुनअनुसार विधिवत्‌रूपमा दर्ता भएको एक अनुसन्धानमूलक आध्यात्मिक संस्था हो र यसको केन्द्रीय कार्यालय हाल बसुन्धरा, काठमाडौंमा रहेको छ । परमपूज्य सद्‌गुरुदेवद्वय नेपालीहरूका गर्वका प्रतिमूर्ति महायोगी श्री शिव गोरक्ष एवं परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराजको अनुकम्पा, कृपा एवं आशीर्वादको फलस्वरूप यस केन्द्रको जन्म भएको हो । आफ्नो छुट्टै पहिचान, स्वतन्त्र अस्तित्व एवं आफ्नै किसिमको स्वाभिमान बोकेको यो संस्था देश विदेशमा रहेका अन्य कुनै संघ, संस्था वा आश्रमको शाखा, उपशाखा वा सम्पर्क कार्यालय नभएको व्यहोरा सम्बन्धित सबैका लागि जानकारी गराइएको छ । यो केन्द्र महान् गुरुहरूको स्पष्ट सूक्ष्म मार्गनिर्देशनमा आध्यात्मिक युग पुनर्निर्माणको लक्ष्यमा गतिशील छ । यहाँ संचालन भइरहेका सम्पूर्ण कार्यक्रम तथा गतिविधिहरू यसै केन्द्रमार्फत् सोझै निर्देशित छन् । यहाँबाट उपलब्ध हुने सम्पूर्ण सामग्रीहरूको प्राणप्रतिष्ठा विशेषरूपमा यही आश्रमबाट गरिएको हुन्छ । त्यसैले एक स्वतन्त्र र आफैमा सक्षम यस संस्थालाई अन्य कुनै संघ, संस्था वा आश्रमसँग तुलना गर्न खोज्नु, त्यस्तै प्रकारका कुराहरू यहाँबाट लागू गराउन, प्राप्त गर्न खोज्नु यस संस्थाको अवहेलना गरे सरह हुनेछ, जे जति कार्यक्रमहरू यहाँ संचालन भइरहेका छन् र आगामी दिनहरूमा पनि संचालन हुँदै जानेछन्, ती सबै परमपूज्य सद्‌गुरुदेवहरूकै इच्छा एवं निर्देशनअनुसार सम्पन्न हुनेछन् । त्यसैले अनावश्यक तर्क-वितर्क, शङ्का-उपशङ्का गरी, भ्रम फैलाउँदै यस संस्थाको छविमाथि अनावश्यक टीका-टिप्पणी गर्नु सत्यता र वास्तविकतामाथि नै प्रश्नचिह्न लगाउनु हो । प्रत्येक व्यक्तिका लागि आवश्यक पर्ने सम्पूर्ण प्रकारका मार्गनिर्देशन प्रदान गरी भौतिक समस्याहरूको समाधान गर्दै आध्यात्मिक उच्चता प्रदान गर्न, पूर्णतामा लैजान यो केन्द्र सक्षम छ । विश्वास अविश्वासभन्दा माथि, साधारण व्यक्तिको सीमित सोचाइ, विचार र कल्पनाभन्दा परको यस अद्वितीय आश्रममा आबद्ध भई आफ्नो जीवनलाई उत्कर्षमा पुर्‍याउन सक्नु नै हाम्रो अहोभाग्य हुनेछ । यस्ता प्रकारका अनावश्यक भ्रमबाट सतर्क हुँदै पूर्णरूपमा स्पष्ट भएर मात्र अघि बढ्न हुन सम्पूर्ण महानुभावहरूमा सिद्धाश्रम शक्ति केन्द्र हार्दिक अनुरोध गर्दछ । साथै केन्द्रको आफ्नै प्रकारको नीति, नियम र अनुशासन भएकोले यसलाई पालना गर्न नसक्ने व्यक्तिहरूका लागि यस केन्द्रमा कुनै स्थान रहने छैन र यससम्बन्धी कुनै किसिमको सुनुवाइ पनि नहुने व्यहोरा अवगत गराइएको छ ।*

*सिद्धाश्रम शक्ति केन्द्रबाट प्रकाशित 'गोरक्ष निखिल वाणी' नेपालकै पहिलो आध्यात्मिक शक्ति अनुसन्धानमूलक मासिक पत्रिका हो । सद्‌गुरुदेवहरूको आशीर्वादस्वरूप यस पत्रिका २०५६ साल भाद्र महिनादेखि अनवरत रूपमा प्रकाशित भइरहेको छ । काठमाडौं जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको यस पत्रिकाको दर्ता नं. ७०/०५६ हो । यो पत्रिका धर्मको नाममा हुने गरेको शोषण, आडम्बर एवं पाखण्डविरुद्ध आवाज उठाउँदै वास्तविक तथ्यलाई जनसमक्ष उजागर गरी आध्यात्मिक जागरणको वातावरण बनाउने कार्यमा सरिक हुँदै आएको छ । प्रकाशनको शुभारम्भदेखि नै अलग्गै पहिचान एवं अस्तित्व बनाउन सफल यस पत्रिकाले मंत्र, तंत्र, योग, आयुर्वेद, सम्मोहन, ध्यान, वेद, पुराण, उपनिषद् आदिजस्ता ऋषिमुनिहरूद्वारा प्रतिपादित तथ्यहरूको व्यवहारिक एवं वैज्ञानिक पक्षहरूलाई प्रस्तुत गर्दै आइरहेको छ । पत्रिका स्वदेश एवं विदेशमा समेत आफ्ना लाखौं पाठक एवं प्रशंसकहरू माझ लोकप्रिय हुँदै गइरहेको छ । वेभसाइटको माध्यमबाट पढ्न पाइने व्यवस्थाले विश्वभर छरिएका लाखौं नेपालीहरूमाझ पनि प्रिय छ ।*

*पत्रिकामा प्रकाशित लेख, रचना, विज्ञापन, चित्रादिमा सम्पादक वा प्रकाशकको सहमति हुनु आवश्यक नरहेको पनि जानकारी गराइन्छ ।*


**पत्रिका व्यवस्थापन समितिद्वारा सम्पादित एवं**
***सिद्धाश्रम शक्ति केन्द्रद्वारा* प्रकाशित**

मूल्य रु. ४०/- वार्षिक रु. ४००/-

**पत्रिकाको कार्यालय**
**बसुन्धरा, काठमाडौं, फोनः ०१-४९८९१५४,**
Web: ssknepal.org.np
Email: siddashramshaktikendra@gmail.com
Facebook Page, Youtube Channel, and Tiktok : Siddhashram Shakti Kendra

**प्रकाशकको ठेगाना**
सिद्धाश्रम शक्ति केन्द्र
बसुन्धरा, काठमाडौं
फोन: ०१-४९८९१५४
www.gnv.org.np

**मुद्रण**
किशोर अफसेट प्रेस
गल्कोपाखा, काठमाडौं

# आफ्नै कुरा

समय, परिस्थिति विकराल रुपबाट अगाडि बढिरहेको पाइन्छ । देश, काल, परिस्थिति पनि अस्थिरता, अन्यौलमा गुज्रेको पाइन्छ । यसको जिम्मेवार राजनीतिक दलहरु र नेतृत्वले देशलाई सही दिशा-निर्देश गर्न नसक्दा आज देश गुमराहको स्थितिमा र अन्यौल-अस्थिरताको स्थितिमा गुज्रिरहेको पाइन्छ र विभिन्न स्वार्थमा लुकेका देशी, विदेशीहरुको खेलको ग्राउण्डको रुपमा पनि नेपाल शिकार बनेको पाइन्छ । जबसम्म नेतृत्वकर्ताहरुमा अथवा राजनीतिक व्यक्तिहरुमा आध्यात्मिक सोचको कमी हुन्छ अर्थात् आध्यात्मिक भावभूमिबाट अगाडि बढ्न सक्दैनन् तबसम्म सही नेतृत्व दिन असम्भव प्राय: देखिन्छ । समय, परिस्थिति र प्रकृतिले पनि आजको समयबाट कोल्टो फेर्न लागेको देखिन्छ । एउटा आध्यात्मिक युगको निर्माणको लागि सङ्क्रमण कालबाट गुज्रिरहेको भान हुन्छ । पुराना सुकेका पातहरु झरेर अब नयाँ कोपिलाहरु, नयाँ पातहरु पलाउन लागेको महसुस हुन्छ । त्यसैले पनि अबको समय भनेको नै नयाँ विचार, नयाँ सोच, नयाँ चिन्तन, आध्यात्मिक भावमूभिका साथ अगाडि बढ्नेहरुको समय हो, अबको समय भनेको आध्यात्मिक शक्ति जागरणको समय हो, गोरक्ष निखिल शक्तिको जागरणको समय हो र गोरक्ष निखिल युगको निर्माणको चरण पनि हो ।

नेपाल गुरु गोरखनाथ र गोरखकालीको देशको रुपमा सर्वत्र चिनिदै आएको छ । नेपालीहरुलाई गोर्खालीको रुपमा पनि हामी पहिचान दिलाउन सफल भइसकेका छौं । हिजो साम्राज्यवादी अंग्रेजहरुसँग पनि नझुकेर ‘जय जय गोरख, जय जय काली’को नारासहित युद्ध लडेर विजय समेत भएको गोर्खाली सेनाको अमर इतिहास, गौरवमय इतिहास आज पनि सुनौला अक्षरले लेखिएकै छ । फेरि एकपटक गुरु गोरखनाथ, गोरखकालीको कृपा, आशीर्वाद पाएर नेपाललाई आफ्नो स्वाभिमान, गोर्खाली भूमिको रुपमा, गोरक्ष भूमिको रुपमा फेरि चिनाउने बेला आएको छ र नेपालप्रति कुदृष्टि राख्नेहरुलाई बलियो जवाफ दिने बेला आएको छ । नेपाललाई साँच्चिकै विश्वको एउटा अद्भुत उदाहरणीय गोरक्षभूमिको रुपमा आध्यात्मिक शक्तिको केन्द्रका रुपमा फेरि आफ्नो पहिचान दिने बेला आएको छ । त्यसैले आउनुहोस् तपाईं हामी सबै गोरक्ष निखिल भक्तिमा लागेर फेरि नयाँ नेपालको निर्माणको अभियानमा अग्रसर हौं । सारा संसारलाई नै गोरक्ष निखिलमय बनाउन अगाडि बढ्न सकौं । यही सद्गुरुहरुसँग प्रार्थना र यहाँहरुलाई पनि जुट्नको लागि हार्दिक अनुरोध गर्दछौं ।

यसपालिको अंकलाई हामीले *‘दश महाविद्या विशेष’*का रुपमा निकाल्ने कोशिस गरेका छौं । माता दश महाविद्याको विराटता आफैमा अवर्णनीय रहँदै आएको छ । तैपनि आंशिक रुपमा भए पनि हामीले केही प्रयास प्रयत्न गरेर यहाँहरु समक्ष यस अंक प्रस्तुत गरेका छौं, यसबाट अवश्य पनि फाइदा लिनुहुन्छ भन्ने हामीले आशा एवं विश्वास लिएका छौं ।

अन्तमा, यस अंकमा भए गरेका सम्पूर्ण गल्ती, कमी-कमजोरीलाई परमपूज्य सद्गुरुदेवहरुसँग, महाविद्या माताहरुसँग र यहाँहरुसँग पनि क्षमायाचना गर्दै आवश्यक सल्लाह, सुझावको अपेक्षा राख्दछौं । अस्तु ।

# सिद्धाश्रम शक्ति केन्द्रका गतिविधिहरू

## दिव्य गुरु महोत्सव

सिद्धाश्रम शक्ति केन्द्र बसुन्धरामा गत कात्तिक ४ गते दिव्य गुरु महोत्सव सम्पन्न भयो ।

परमपूज्य सद्‌गुरुदेव डा. नारायण दत्त श्रीमालीज्यू (परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराज) अवतरित हुनुभएको अङ्ग्रेजी महिनाको २१ तारिखलाई दिव्य गुरु महोत्सवको रूपमा मनाउने क्रममा सिद्धाश्रम शक्ति केन्द्रले Nov. 21 कार्यक्रमलाई हर्षोल्लासपूर्वक मनायो । केन्द्रीय आश्रम भवन बसुन्धरामा सम्पन्न कार्यक्रममा निखिल स्तवन, गोरक्ष स्तवनको सस्वर पाठ, गुरु पादुका पूजन, मन्त्र जप, हवन, गुरु आरतीलगायत भजनकीर्तन कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रम बिहान १०:१५ देखि शुरु भएको थियो । उक्त दिन देउसी-भैलो पनि खेलिएको थियो ।

संस्थाका अन्य स्थानमा रहेका सम्पर्क कार्यालय र मिसन गोरक्ष निखिल ज्योति दिव्य विद्याश्रममा प्रत्येक अंग्रेजी महिनाको २१ तारिख दिव्य गुरु महोत्सव मनाइएको थियो ।

## गोरक्ष प्रकट तिथि

सिद्धाश्रम शक्ति केन्द्रले गोरक्ष प्रकट तिथिलाई हर्षोल्लासपूर्वक मनायो ।

गत कात्तिक १९ गते एक कार्यक्रमका बीच गोरक्ष प्रकट तिथि कार्यक्रम मनाइएको थियो ।

परमपूज्य सद्‌गुरुदेव श्री श्री महायोगी गुरु गोरखनाथ वैशाखी पूर्णिमाका दिन प्रकट हुनुभएको सम्झनामा प्रत्येक महिना पूर्णिमाका दिन यस कार्यक्रमलाई मनाउने गरिन्छ ।

कार्यक्रममा पूजन, नवनाथ स्तोत्रको पाठ, हवन, मन्त्रजप, भजनकीर्तन आदि सम्पन्न भएका थिए । कार्यक्रम बिहान १० बजेबाट शुरु भएको थियो ।

गोरक्ष प्रकट तिथिलाई सिद्धाश्रम शक्ति केन्द्रका विभिन्न जिल्लामा रहेका आश्रमहरूमा पनि हर्षोल्लासपूर्वक मनाइएको थियो ।

## मासिक हवनहरू

सिद्धाश्रम शक्ति केन्द्रले प्रत्येक महिना मासिक हवन कार्यक्रमहरू सम्पन्न गर्दै आइरहेको छ । कात्तिक महिनामा निम्न हवन कार्यक्रमहरू निम्न समय, स्थानमा निम्नानुसार सम्पन्न भए– कात्तिक ३ गते सोमबार– श्री शिव गोरक्ष हवन गोरखनाथ मन्दिर, पशुपति, मृगस्थली, बिहान ८-९ बजे । कात्तिक ४ गते मंगलबार– तां. वटुक भैरव हवन, वटुक भैरव मन्दिर, लगनखेल, बिहान ७-८ बजे । कात्तिक ५ गते बुधबार– तां. महालक्ष्मी हवन, महालक्ष्मी मन्दिर, लगनखेल, बिहान ८-९ बजे । कात्तिक ६ गते विहीबार– तां. बगलामुखी हवन, बगलामुखी मन्दिर, पाटन, बिहान ८-९ बजे ।

त्यस्तै, मासिक हवनकै दिव्य क्रममा निम्न हवनहरू निम्न समय, स्थान र मितिमा सम्पन्न भएका थिए- कात्तिक ३ गते सश्ह्रोमबार– श्री शिव गोरक्ष हवन, चितवन तथा कास्की, बिहान ८-९ बजे । कात्तिक ४ गते मंगलबार– तां. गणपति हवन, सूर्यविनायक, भक्तपुर, बिहान ७-८ बजे । कात्तिक ५ गते बुधबार– तां. विन्ध्यवासिनी हवन, विन्ध्यवासिनी मन्दिर, पोखरा, कास्की, बिहान ८-९ बजे । कात्तिक ६ गते विहीबार– तां. वेदव्यास हवन, वेदव्यास गुफा, तनहूँ, बिहान ८-९ बजे । कात्तिक ७४गते शनिबार– तां. बाघ भैरव हवन, बाघ भैरव मन्दिर, कीर्तिपुर, समय बिहान ८-९ बजे । कात्तिक २४ गते सोमबार– तां. भगवान् शिव हवन, गोरक्ष निखिल गुरुधाम, कोलमतेश्वर मन्दिर, बिहान ८-९ बजे । कात्तिक २९ गते शनिबार– तां. विष्णुदेवी हवन, विष्णुदेवी मन्दिर, तीनथाना, बिहान ७:३०-९ बजे ।

# चिसो मौसममा सुरक्षित रहौं ।

## चिसो मौसममा:

- तातो तथा न्यानो लुगा लगाऔँ,
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔँ,
- घर तथा कोठा न्यानो बनाऔँ,
- बालबालिका र वृद्धहरुलाई चिसोबाट जोगाऔँ,
- न्यानो सिरक ओढेर सुत्ने गरौँ,
- जाडो मौसममा घाम तथा आगो ताप्ने गरौँ,
- चिसोमा हिंडडुल (मर्निंग वाक) नगरौँ,
- कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौँ ।

**सावधानी अपनाऔं, स्वस्थ रहौं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**




सिद्धाश्रम शक्ति केन्द्रबाट गत कात्तिक १७ गते गोरखाको गोरख गुफामा सम्पन्न
अखण्ड हवनका तस्विरहरू

म.क्षे.हु.नि.द.नं. ०२/०८२/८३ का.जि.प्र.का.द.नं. ७०/०५६












सिद्धाश्रम शक्ति केन्द्रबाट सम्पन्न विभिन्न कार्यक्रमहरूका तस्विरहरू